


# व्यक्ति पक्राउ पर्दाका समयका अधिकारहरु

Human Rights Commission of the Maldives
National Preventive Mechanism

# कस्तो अवस्थामा व्यक्ति पक्राउ पर्न सक्छ ?

## संविधान : धारा ४६

- व्यक्ति निम्न अवस्थामा मात्र पक्राउ पर्न सक्छ :



पक्राउ गर्ने अधिकारीले निरिक्षण गर्दा अपराध भएको पाएमा ,

अथवा व्यक्तिले अपराध गरेको विश्वास भएमा र उचित तथा सम्भाव्य आधार प्रमाण फेला परेमा,

अथवा अपराध गरेको हो भने

अथवा सम्वन्धित निकायले अदालतमार्फत पक्राउ पुर्जी जारी गरेमा ,

## गैरकानुनी पक्राउ वा थुनुवा के हो ?

### संविधान : धारा ४५



- कानुनमा उल्लेखित अवस्थामा बाहेक कुनैपनि व्यक्तिलाई स्वेच्छाचारी रुपमा थुन्न, पक्राउ गर्न वा कैद गर्न पाइदैन ।


## व्यक्तिले करार वा सम्झौतापत्र बमोजिम जिम्मेवारी पुरा गर्न नसक्दा कैद हुनसक्छ ?

### संविधान : धारा ५५

- संझौता पत्रमा उल्लेख भएवमोजिम जिम्मेवारी पुरा नगरेकै आधारमा कुनै पनि व्यक्तिलाई कैद हुन सक्दैन ।

# कसैलाई अमानविय व्यबहार गर्न हुन्छ ?

## संविधान : धारा ५४



■ कसैलाइ पनि निर्दयी, अमानविय र निच्चताको व्यबहार, सजाय वा यात( ना गर्न  पाइदैन ।

## जुन व्यक्तिले तपाईलाई पक्राउ गर्छ उसंग तलासी लिने र कव्जा गर्ने अधिकार हुन्छ ?

### संविधान धारा ४७



- उचित कारण नभएसम्म कसैलाई पनि तलासी वा कव्जा गर्न पाइदैन ।

- निवासमा रहेको संपत्ति जफत गर्न पाइदैन । जीवन र संपत्तिमा गम्भिर र तुरुन्त बचाउ गनुपर्ने अवस्थामा बाहेक वा अदालतको कानुनी आदेशको स्थितिमा बाहेक अरु अवस्थामा कसैको पनि निवासमाा बसोबास गने व्यक्तिको सहमति विना प्रबेश गर्न पाइदैन ।

## यदि म पक्राउ वा थुनामा परेभने पक्राउ वा थुनामा रहदाँ के कस्तो किसिमको अधिकारहरु सुनिश्चित हुन्छन ?

संविधान : धारा ४८



- तुरुन्त तपाईलाई पक्राउ वा थुनुवा र ाख्नुको कारणबारे जानकारी दिनुपर्दछ,

- थुनुवा वा पक्राउ गर्नुको कारणबारे लिखित रुपमा २४ घण्टा भित्र जानकारी गराउनुपर्दछ,

- वकिललाई कसरी सम्पर्क गर्न सकिन्छ जानकारी दिनुपर्दछ,

- कानुनी प्रकृया तथा परामर्शको लागि आलटाल गर्नँ हुदैन, मुद्दाको अन्तिम निष्कर्ष नआउदासम्म कानुनी पर ामर्शको लागी पहुच हुनुपर्दछ ,

- शान्तसंग रहने, आफ्नो आवश्यक परिचय दिने र अधिकारको बारेमा जानकारी दिनुपर्दछ,

- पक्राउ परेको २४ घण्टा सम्ममा अदालतमा पेश गर्नँपर्दछ, जोसंग थुन्न र मुक्त गर्ने तथा छानविन गर्ने बैधानिक अधिकार हुन्छ ।

## प्रहरीको अधिकार सम्वन्धी नियमावली : धारा १८

- पक्राउ गर्दा दिनुपर्ने जानकारीहरु :
  पक्राउ गर्ने अथवा पक्राउ गरी लगिने प्रहरी कार्यालयको नाम र ठेगानाका बारेमा पक्राउ गर्दाका वखत नै जानकारी दिनुपर्दछ

# मलाई प क्राउ गर्दा सम्वन्धित प्रहरीलाई आफ्नो परिचय दिन अनुरोध गर्न सक्छु ?

प्रहरीको अधिकार सम्वन्धी नियमावली : धारा १८



- पक्राउ गर्दा जुन प्रहरी अधिकृतले पक्राउ गरेको हो उसले उसको नाम, पद, सेवा नंम्वर पक्राउ पर्ने व्यक्ति( लाई वताउनु पर्दछ,

- पक्राउ पर्नुको स्पष्ट कारण पक्राउ पर्ने व्यक्तिलाई जानकारी दिइनुपर्दछ,

# म पुलिस हिराशतमा रहँदा कस्तो सुचना संकलन गरिन्छ ?

## प्रहरी सामान्य नियमावली, शिर्षक ४ : धारा २८



- व्यक्तिगत विबरण तथा जानकारी
- औठा छाप
- फोटो
- वजन तथा उचाइ जाँच
- पक्राउ पर्दाका समयमा बाहीरी चोटपटक तथा घाउ भएमा त्यसको पनि रेकर्ड राखिन्छ

## थुनुवा व्यक्तिसंग कसरी व्यवहार र संचार गर्ने ?

### संविधान : धारा ५७



- कानुनी आधारमा पक्राउ, थुनुवा वा कानुनको आदेश वा राज्यको साम(ाजिक मान्यतालाई मान्दा व्यक्ति स्वतन्त्रताबाट वञ्चित हुन सक्छ । त्यस अवस्थामा उसलाई मानवताको आधारमा सम्मान र इज्यत दिनुपर्दछ,

- यस खण्डमा उल्लेख भएअनुसार केही निश्चित आवश्यक उदेश्यको लागि मात्र व्यक्ति स्वतन्त्रताबाट वञ्चित हुन सक्छ



## यदि मैले अपराध नै गरेको दोष लागेको अवस्थामा मेरा के कस्ता अधिकार रहन्छ ?

### संविधान : धारा ५१



- दोषीलाई आलटाल नगरीकन उसले बुझ्ने भाषामा उसको उसले गरेको अपराधको बारेमा जानकारी लिन पाउने अधिकार,

- उचित समयसिमा भित्र कानुनी प्रयास गर्न पाउने अधिकार ,

- बाध्यतामा पारेर जाचबुझ/छानवीन गर्न नपाइने अधिकार ,

- भाषाको समस्या वा लाटो वा बैरो भए अनुवादकको व्यबस्था गरिदिनुपने अधिकार,

- प्रतिवाद तयारीको लागि पर्याप्त समय र आवश्यक सुविधाको अधिकार र आफुले चाहेको कानुनी व्यक्ति/वकिलसंग सरसल्लाह र

सुझाब लिन पाउने अधिकार ,

- प्रयास गर्न पाउने अधिकार तथा आफूले चाहेको ब्यक्तिबाट प्रतिबाद गर्न पाउने अधिकार,

- उसको विरुद्धमा उभिएका साक्षीहरुलाई चिन्न र बु∑न पाउने अधिकार ,

- दोषीका रुपमा अदालती प्रमाणित नभएसम्म निर्दोषको रुपमा उभिन पाउने अधिकार,

## यदि म पकाउ वा थुनामा परिसकेपछि, मैले कानुनी व्यक्ति वा वकिलको सहयोग लिन सक्छु ?

### संविधान : धारा ५३

- कानुनी सहायताको आबश्यक परेमा जोसुकै व्यक्तिले आवश्यकता अनुसार कानुनी व्यक्तिबाट सुझाब तथा सल्लाह लिन पाउने अधिकार रहन्छ ।

- गम्भिर प्रकृतिका अपराधमा यदि दोषी व्यक्तिले कानुनी व्यक्ति वा वकिल राख्न नसक्ने अवस्थामा राज्यले कानुनी व्यक्तिको व्यबस्था गरिदिनुपर्दछ,



- दोषी व्यक्तिलाई अनुसन्धान वा सोधपुछ गर्नूपर्दा १८ घण्टा अगाडि नै उसको वकिललाई सम्बन्धित ठाँउ र समयको बारेमा जानकारी दिनुपर्दछ,

- तर अपराधको गम्भीरताका आधारमा, दोषीको वकिललाई १० घण्टा अग( ाडी सोधपुछ र अनुसन्धानको वारेमा जानकारी गराईसक्नुपर्दछ ।

## संविधान धारा ५९

संविधान धारा ५९

- कार्य गरेको वा नगरेको आधारमा तुरुन्तै कनै पनि व्यक्तिलाई अपर ाधी भन्न मिल्दैन् । दोष लगाइएको हुन सक्छ तर अपराधी नहुन सक्छ । इस्लामिक सरिया कानुनमा यसको आधारमा अपराध नठहरिन सक्छ ।

- एउटा अपराधमा आवश्यक भन्दा वदी सजाय दिन मिल्दैन,

- व्यक्तिलाई अपराधको लागि तोकेको सजायलाई सम्बन्धित आयोगले घटाएमा, दोषी व्यक्तिलाई अझै कम सजाय हुने सम्भावना रहन्छ ।

*For more Inbformation:*

*Human Rights Commission of the Maldives*

*Ma.Uthuru Vehi, 5th Floor, Keneree Magu, Male’*

*Tel: 3336539, 3329245, 3344977, 3304013*

*Fax: 3338658*

*Toll free Number: 1424*

*Email: info@hrcm.org.mv*

*Website: www.hrcm.org.mv*